## अमरगढी नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

नगर सभामा प्रमुख श्री डिल्ली राज जोशीले प्रस्तुत गर्नु भएको अमरगढी नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम ।

**नगर सभा सदस्यहरू, एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र उपस्थित सम्पूर्ण महानुभावहरुः**

अमरगढी नगरपालिकाको ऐतिहासिक नगर सभामा आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरबको अनुभुती गरेको छु । सर्व प्रथम म नेपाल राष्ट्रको रक्षा, संङ्घीय लोकतान्त्रीक गणतन्त्रको स्थापना एवं मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष एवम् आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धाजली अर्पण गर्दछु । नेपाली समाजलाई अग्रगामि परिवर्तनको मार्गमा डोर्याउन बिविध क्षेत्र बाट योगदान पुर्याउनु हुने आदरणीय अग्रज सहित सम्पुर्ण नगरवासी प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

स्थानिय तह जनताको सबैभन्दा नजिकको सरकार हो । नेपालको संविधान अनुसार स्थानिय आर्थिक, सामाजिक,पुर्वाधार विकास र नागरिक सेवा प्रवाहमा स्थानिय तहको प्रमुख जिम्मेबारी रहेको छ । संविधानले स्थानिय तहलाइ प्रदान गरेको एकल अधिकार सूचिका विषयहरुमा योजना,बजेट तथा कानुन निर्माण र त्यसको कार्यान्वियन गर्ने गरी प्रदत्त अधिकारको सीमा भित्र रहेर हाम्रा नीति कार्यक्रम, योजना र बजेट परीलक्षित गरिएको छ ।

**उपस्थित महानुभावहरुः**

अमरगढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गर्दा संघिय सरकारको दिर्घकालीन लक्ष्य, पन्ध्रौ आवधिक योजना, दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण, संघीय सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट, सुदुरपश्चिम सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम , संघीय सरकार र प्रदेश सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम, नगरपालिकाको आवधिक नगर विकास योजना तथा मध्यकालिन खर्च संरचना एवं आम नगरवासीको माग, ईच्छा र चाहनालाई मुख्य आधार बनाइएको छ ।

संघ र प्रदेश सरकारबाट प्राप्त भएको बजेट सिलिङको अवस्था, आगामी आ.व. को लागि दायित्व सरेका योजना तथा कार्यक्रमहरुले सृजना गरेको आर्थिक दायीत्व, चालु आ व मा सिलिङ बमोजिमको बजेट प्राप्त नहुनु, लक्ष्य बमोजिमको आन्तरिक आय नहुनु जस्ता कारण बजेटमा हुन गएको संकुचनले गर्दा खुल्ला हृदयले बजेट निर्माण गर्न सक्ने अवस्था नभएता पनि स्रोतको समुचित वितरणलाइ यथासंभव न्यायोचित बनाउने कोशिस गरिएको छ ।

यस नीति तथा कार्यक्रममा लोकतान्त्रिक मुल्य मान्यता, मानव अधिकार, सुशासन, सामाजिक न्याय र सामाजिक संरक्षण, संघ, प्रदेश र स्थानिय तहको अधिकार क्षेत्रको सीमा र सम्बन्धका सिद्वान्तहरुलाइ आत्मसाथ गर्दै गत विगतमा लिइएका महत्वपुर्ण नीति र संचालनमा रहेका गौरवका योजना र कार्यक्रमलाइ निरन्तरता दिदै हाम्रै पुस्ताले महसुस गर्ने गरी नगर क्षेत्रमा शान्त एवं सुन्दर आवास, शहरी एवं व्यावसायिक क्षेत्रमा उद्यमशिलता विकास, वातावरणमैत्री विकास, आधुनिक जीवनशैली, प्रविधि सहितका सडक पूर्वाधार र नविनतम सूचना प्रविधिमा सबै नागरिकहरुको पहुँच सहितको **सफा,स्वच्छ,सुन्दरः समृद्ध, सुखी र खुसी नगर** को परिकल्पना गरेको छु ।

**उपस्थित महानुभावहरू,**

अब म यस अमरगढी नगरपालिकाको आगामि आर्थिक बर्ष २०८१/०८२ का लागि नगरकार्यपालिका बाट सिफारिस भई नगर सभा मा पेश हुन आएको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु। राष्ट्रिय नीति बजेट तथा कार्यक्रम तयारी को ढाँचा हरूलाई अनुसरण गरि यस नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा बिषयहरू लाई आधार लिएको छु।

- नेपालको संबिधानमा ब्यवस्था भएका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखित स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषय।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन ऐन २०७८
- अमरगढी नगरपालिकाको चालु आवधिक योजना
- राजनैतिक दलहरुबाट प्राप्त सुझाव
- विभिन्न बिषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह सुझाव
- नेपाल सरकारले प्रतिबद्दता जनाएका दिगो बिकासका लक्ष्यहरु
- अमरगढी नगरपालिकाको मध्यकालिन खर्च संरचना(MTEF) प्रदिवेदन
- नेपाल सरकारको आ.व.२०८१/०८२को नीति तथा कार्यक्रम र बजेट बक्तव्य
- सुदुरपश्चिम प्रदेश सरकारको २०८१/०८२ नीति तथा कार्यक्रम र बजेट वक्तव्य
- अमरगढी नगरपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरू
- संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरू

**यस गरीमामय नगर सभाका सदस्यज्यूहरु,**

आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमका प्राथमिकताहरू उल्लेख गर्न चाहान्छु।

- स्वास्थ्य तथा शिक्षाको गुणस्तर अभिबृद्दि,
- कृषीमा आधुनिकरण बजारीकरण र ब्यवशायिक पशुपालनमा जोड,
- उद्यमशिलता प्रबर्धन मार्फत स्थानिय आर्थिक विकास
- लघु, घरेलु तथा साना उद्योगको संरक्षण तथा प्रर्वधन
- वातावरणमैत्री पुर्वाधार विकास
- संस्थागत क्षमता विकास, सेवा प्रवाहमा प्रवाहकारिता, सुशासनको प्रत्याभुति र पारदर्शिता
- स्वच्छ खानेपानि तथा सरसफाइ
- विपद् जोखिम न्यनिकरण र वातावरण संरक्षण
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण
- ऐतिहासिक एवं धार्मिक संस्कृतिको संरक्षण र प्रवर्द्धन

अब म अमरगढी नगरपालिकाको आगामी बर्षमा अवलम्बन गरिने नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**१) आर्थिक क्षेत्रः**

**क) कृषि तथा पशुपालन**

- कृषि तथा पशुपालन पेशालाई व्यवसायिक र आधुनीकिकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना, गरिवि निवारणमा योगदान पुग्ने गरि समावेशी आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा सञ्चालन गरिनेछ । पशु तथा बाली बीमामा कृषकहरुलाई प्रेरित गरि बालीनालीको क्षतिको जोखिम न्यूनिकरणमा जोड दिइनेछ ।

- संघीय सरकारले उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धिलाई उच्च प्राथमिकतामा राखेको छ । देशमा आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात बृद्धि गर्न स्थानिय तह, नीजि क्षेत्र, सहकारी र समुदायहरुको साझेदारीमा उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । यस अमरगढी नगर क्षेत्र भित्रका सबै खाले जमिनलाई खेर जान नदिने र कृषियोग्य भुमिको पूर्ण उपयोग गरि सघन खेती प्रणालिका माध्यमबाट ठूलो परिमाणमा कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ । कृषि पेशालाई सम्मानित र प्रतिष्ठित पेशाका रुपमा विकास गर्न नमूना कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरुका लागि **कृषक सम्मान कार्यक्रम** लाइ निरन्तरता दिइनेछ ।

- लोपोन्मुख खाद्यान्न बाली कोदो, फापर, काकुन, मुसुरो, धान लगायतका बाली संरक्षण गरिने छ । कृषि बाली संरक्षणका लागि वन्यजन्तुबाट हुने हानी नोक्सानीको नियन्त्रणका आवश्यक लागि पहल गरिनेछ ।
- खाद्यान्न बालीहरुको उन्नत बीउ उपयोग गर्ने कृषकहरुलाइ बीउमा अनुदान दिइनेछ, चक्लाबन्दीमा आलुखेती गर्ने कृषकहरुलाइ प्रोत्साहन गरिनेछ ।
- विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु संगको सहकार्यमा सिंचाई पुर्वाधारहरुको निर्माण तथा मर्मत संभार कार्य गरिनेछ, पानीका मुहान संरक्षणको लागि रिचार्ज पोखरीहरु निर्माण गरिनेछ । जलवायु मैत्री कृषि अभ्यासहरु को विस्तार गरिनेछ । प्राङगारिक उत्पादन लाइ निरन्तरता दिइनेछ ।

- अमरगढी नगरपालिकामा आलु र तरकारी को व्यवसायिक उत्पादनमा कृषकहरुलाइ उत्पादनका सामाग्रीहरुमा अनुदान दिने कार्यक्रम संचालन गरिनेछ । बेमौसमी तरकारी खेतीको लागि पोली हाउस निर्माणमा अनुदान सहयोग गरि कृषकहरुको आयस्तरमा सुधार गर्नुका साथै बेमौसमी उत्पादन बृद्दि गरिनेछ ।

- लिफ्ट सिंचाईको माध्यम बाट बढी तरकारी तथा आलु खेती गर्ने कृषक हरुलाइ सिंचाई सुविधा पुर्याइनेछ । महिलाहरुको कार्य बोझ घटाउन विभिन्न कृषिजन्य मेसिन उपकरणहरु अनुदानमा उपलब्ध गराउन पहल गरिनेछ ।

- कृषि उत्पादन, प्रशोधन र वेचविखनका सम्वन्धमा नेपाल सरकारवाट उपलव्ध गराइने सहुलियत र प्राविधिक सेवा\टेवाको प्रबन्ध गर्न तथा अनुदान को दोहोरोपना न्युनिकरण गर्न पालिका भित्रका सम्पुर्ण किसानहरुलाई किसान सूचिकरण प्रणालीमा आवद्ध गरी किसान परिचयपत्रलाई कृषि क्षेत्रमा प्रदान गरिने सेवा सहुलियत संग आवद्ध गरिनेछ, कृषि क्षेत्रका सेवा सुविधा तथा सहुलियतलाई डिजिटलाइजेसन गरी सर्व सुलभ र पारदर्शी बनाइनेछ ।

- कृषियोग्य भूमिको नियमित माटो परिक्षण गर्न माटो परिक्षण शिविरहरु संचालन गरिने छ । कृषकलाई माटोको प्रकार, गुणस्तर, हावापानी अनुकुल खेती गर्न उचित मात्रामा मल,बिउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलव्ध गराईने छ ।

- नश्ल सुधारका कार्यक्रम सञ्चालन गरि उन्नत नश्लको व्यवसायिक पशुपन्छी पालन गर्न कृषकलाई प्रोत्साहन गरिने छ । पोषण युक्त,पशुआहरको प्रवर्द्धन गरिने छ । पशुपालनका लागि घाँसखेती, बृहत चरन विकास गरिने छ ।

- पशुजन्य उत्पादनको गुणस्तर, नियन्त्रण तथा नियमन गरि वजार व्यवस्थापनमा सहजिकरण गरिने छ । गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिने छ । पशुरोग विरुद्ध खोपका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

- जलवायु परिवर्तन, रोगको प्रकोप, एवं प्राकृतिक बिपत्तिबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गर्न आवश्यक पहल गरिने छ । पशुपन्छी तथा बालि बीमाको विस्तार र जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरि लगानी सुरक्षण गर्न संघ र प्रदेशका सरकार संग समन्वय गरिने छ ।

**ख) संस्कृती/पर्यटनः “पर्यटनमा लगानि, समृद्धिको बिहानी”**

- नगरक्षेत्रमा रहेका प्रमुख पर्यटकिय क्षेत्रहरुको पुनःसंरचना गर्न आवश्यक पहल गरिनेछ । पर्यटकिय वस्तुको विकास, बजारीकरण र सहज पहुचको व्यवस्था गरी अमरगढी नगरपालिकालाइ पर्यटकिय गन्तव्यको रुपमा पहिचान,विकास र प्रवर्द्धन गरिनेछ ।
- अमरगढीलाई “पर्यटकिय सिटि” का रुपमा विकास गर्न पहल गरिनेछ ।
- स्थानीय धार्मीक स्थलको संरक्षण र सम्वर्धन गरिने छ ।
- परम्परागत लोकभाका, डोटेली संस्कृतिको जगेर्ना गर्न “डोटेली संग्राहालय”लाइ थप ब्यबस्थित गर्न पहल गरिने छ ।
- ऐतिहासिक अमरगढी किल्लालाइ नगरको गौरवको योजनाको रुपमा लिइ मौलिक संरक्षणमा जोड दिइने छ र यस किल्लालाई ऐतिहासिक पर्यटकिय स्थलका रूपमा विकास गर्ने गुरूयोजना निर्माण गरिनुका साथै किल्ला भित्र संग्रहालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- ऐतिहासिक, धार्मिक एवम् पर्यटकिय स्थलहरू, उग्रतारा मन्दिर, घटालथान, रावलतोली गुफा, सहश्रलिङ्गधुरा , कश्याटाकुरा, महाभारत धुरा, शैलेश्वर मन्दिर, सहश्रलिङ्ग असिग्राम, भुमिराज, समैजी, बैजनाथ, कैलपाल, जस्ता शक्ति पिठको संरक्षण र प्रचार प्रसारमा जोड दिइनेछ ।
- खेलकुद पर्यटनमा जोड दिइने छ ।
- पुराना पाटि पौवा, मगराउ, नौला, धर्मशाला संरक्षण गरि मौलिक संस्कृति संरक्षण गरिनेछ ।
- घटाल, उग्रतारा, सहश्रलिंग क्षेत्रको बिकासका लागि गुरूयोजना निर्माण गरि बृहत्तर बिकास गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेको सरकारी पर्ति जग्गामा वाल उद्यान तथा मनोरंजन स्थल निर्माणको कार्य अगाडी बढाईनेछ ।
- भिमदत्त आदर्श वस्तिलाई थप विकास गरी पर्यटन प्रवद्धन कार्यलाई निरन्तरता दिईनेछ ।

### ग) बित्तिय क्षेत्र

- बित्तिय संस्थामा सहज पहुचको लागि आवस्यक सहजिकरण र समन्वय गरिनेछ ।
- नयाँ स्थापना हुने बित्तिय सस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र बिस्तार गर्न नगरपालिकाको स्वीकृत लिनु पर्ने ब्यवस्था अनिवार्य गरिनेछ।
- बित्तिय संस्थामा एक परिवार एक खाता नीति अनिवार्य रूपमा अबलम्वन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ।
- सामाजिक सुरक्षा भत्तालाई सर्बसुलभ रूपमा बितरण गर्न बित्तिय संस्थाहरू संग समन्वय गरि घुम्ती बैंक संचालनका लागि पहल गरिनेछ।

### घ) सहकारीः-

**सहकारीः-**

- सहकारी संस्थाको दर्ता नविकरण कार्यलाइ विद्युतिय प्रणालीमा आबद्ध गरिनेछ।
- बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ।
- सहकारी संस्थाको क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाइ एकिकरण गर्ने कार्यलाइ प्रोत्साहन गरिनेछ।
- नगरक्षेत्र भित्रका सहकारीहरूलाई उत्पादनशिल बनाउदै गरीबी निवारण गर्ने उद्धेश्यले सबै प्रकारका सहकारीहरूलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ।
- अनौपचारिक क्षेत्रमा संलग्न महिला दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरूलाई सहकारीमा आबद्ध गराउन विशेष कार्यक्रमको व्यवस्था गरिनेछ। तरकारी फलफुल घरेलु खाद्य उद्योग सरसफाइ क्याफे रेष्टुरेण्ट निर्माण स्वास्थ्य क्षेत्र समेतमा आधारित उपभोक्ता श्रमिक र उत्पादक सहकारी संस्था प्रवर्द्धनमा जोड दिइनेछ।
- नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि सहकारी संस्थालाई आवश्यक तालिम दिईनेछ। साथै सहकारी संस्थाको कारोबारलाइ डिजिटल प्रविधिमा रूपान्तरण गर्न निःशुल्क तालिम उपलब्ध गराइने छ।
- सहकारी सदस्यहरूलाई सहकारी सम्बन्धी ज्ञान तथा क्षमता विकासका लागि सहकारी संस्थाहरूसँग अन्तर्क्रिया तथा अवलोकन कार्यलाइ प्रोत्साहन गर्न लागत सहभागितामा अवलोकन तथा अध्ययन भ्रमणको व्यवस्था मिलाइनेछ।
- संकटग्रस्त सहकारीलाइ संघ प्रदेश र सम्बन्धित स्थानिय तहको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाइ सुधारका आवश्यक कार्य गरिनेछ।
- उपभोक्ताको गुणस्तरिय तरकारी तथा खाद्य वस्तुको उपभोग गर्ने हक सुनिश्चित गर्न प्रत्येक वडामा कम्तिमा एक नमुना उपभोक्ता सहकारी स्थापना गरी सो मार्फत थोक बजार संचालन तथा प्रवर्द्धन गरिनेछ ।

## ङ) उद्योग तथा बाणिज्य "स्थानिय उत्पादन अभियानः उद्यमीको सम्मान"

- उद्योग र कृषी तथा अन्य क्षेत्रका उत्पादन, उपभोग र रोजगारी वृद्धिसँग सम्बन्धित कार्यक्रमहरू शाखागत रुपमा समन्वय गरी एकीकृत रुपमा संचालन गरिनेछ। उद्यमशीलता र नवप्रवर्तनलाइ प्रोत्साहित गर्न सहयोग पुर्याउने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।
- लघु, घरेलु तथा साना उद्योगीलाइ लागत साझेदारीमा प्रविधी उपलब्ध गराइनेछ। रैथाने तथा परम्परागत सिप र पेशामा आधारित उद्यम प्रर्वधन गरिनेछ।
- युवा उद्यमशिलता कार्यक्रम मार्फत युवा पुस्ताको नवीन सोच र प्रविधिको आकर्षणलाई बढावा दिन निजी तथा गैर सरकारी क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ।
- सिप सिक्न इच्छुक नगरवासीहरूलाई सिप प्रशिक्षण (बास निगालो, दुना टपरी,कृषि, होजियारी, धातुकला, डलकुसन, मालापोते) लगायतका कार्यक्रमहरू संचालन गरिनेछ।
- स्थानीय उत्पादन र अर्गानिक खाद्यवस्तु विक्रि वितरणका लागि कोशेली घर स्थापनामा आवश्यक पहल गरिनेछ
- औद्योगिक ग्राम स्थापनाको कार्यलाई निरन्तरता दिदै निजी क्षेत्रसंगको साझेदारीमा लघु-घरेलु, साना तथा मझौला उद्योग स्थापनामा जोड दिईनेछ।
- एक वडा एक उत्पादनको अवधारणालाई निर्न्तरता दिइनेछ।
- परम्परागत तथा घरेलु उद्योगको संरक्षण गर्न स्तरउन्नतीका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सम्भाव्य स्थानीय उत्पादनको उत्पादकत्व र वजार प्रतिष्प्रर्धा वृद्धि गर्नकालागि समूहमा प्रविधि हस्तान्तरण गरिनेछ।

## २) सामाजिक विकासः

## क) शिक्षा, युवा तथा खेलकुदः

- विद्यालयहरुमा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि नेपाल सरकार र प्रदेश सरकारद्वारा ल्याइएका कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- स्थानीय शिक्षा ऐनमा आधारित कानूनहरू निर्माण गरी विद्यालय शिक्षाका क्षेत्रमा निरन्तर सुशासन कायम गरिनेछ। अमरगढी शैक्षिक मेला आयोजना गर्न आवश्यक पहल गरिनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी, बालविकास शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुका लागि न्यूनतम् पारिश्रमिकको मापदण्ड बमोजिम संघ सरकारसँग गरिएको साझेदारीलाई निरन्तरता प्रदान गरिनेछ।
- शैक्षिक क्यालेण्डरका आधारमा विद्यालय स्तरका क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- संस्थागत विद्यालयहरूलाई विभिन्न वर्गमा वर्गीकृत गरी वर्ग अनुसारको शुल्क संरचना लागू गर्ने र छात्रवृत्ति, पाठ्यपुस्तक लगायतका सन्दर्भमा रहेको अभ्यासलाई व्यवस्थित र मापदण्डमा आधारित बनाइनेछ। निजी क्षेत्रका शैक्षिक संस्था एवम् इन्ष्टिच्यूटहरूलाई मापदण्ड बनाई नियमन गरिनेछ।
- नगर क्षेत्रमा विद्यालय पुनःर्नक्साङ्कन गरी विद्यालय सङ्ख्याको वडागत सीमा तोकिनेछ।

- सामुदायिक विद्यालयका महिला शिक्षक प्रसुती विदामा रहँदा विद्यालयको पठनपाठन प्रक्रियालाई निरन्तरता प्रदान गर्न विद्यालयलाई अनुदान उपलब्ध गराउने कार्य हुँदै आएकोमा यस वर्षदेखि उक्त व्यवस्था विद्यालय कर्मचारीका हकमा समेत लागू गरिनेछ।
- कक्षा १ देखि ८ सम्म लागू भएको स्थानीय पाठ्यक्रम "**हाम्रो अमरगढी**" मा आधारित पाठ्यपुस्तकहरू विकास एवम् वितरण गरिनेछ।
- विद्यालयको प्रविधि र पूर्वाधारलाई समयानुकुल, आधुनिक र उन्नत बनाउँदै लगिनेछ। विद्यालय गतिविधिलाई व्यवस्थित गर्न **विद्यालय सेवा डिजिटाइजेसन (School Service Digitization)** को कार्यलाई निरन्तरता प्रदान गरिनेछ।
- अमरगढी नगरपालिका शिक्षा ऐन, २०८० ले निर्धारण गरे बमोजिमको नगर शिक्षा विकास कोष स्थापना पहल गरिनेछ र सोको परिचालनका लागि आवश्यक कानून तर्जुमा गरिनेछ।
- परम्परागत तथा धार्मिक शिक्षाको संरक्षण प्रबर्द्धनका लागि स्थापना भएको उग्रतारा वेदविद्याश्रमलाई आवश्यक भौतिक तथा जनशक्ति सहायताका लागि पहल गरिनेछ।
- विद्यालयमा दिइने अनुदान तथा प्रोत्साहनका लागि शैक्षिक नतिजालाई प्रमुख आधार बनाइनेछ।
- सामुदायिक विद्यालयको भौतिक निर्माणका कार्यका लागि नगरपालिकाको नेतृत्त्वमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार विद्यालय पूर्वाधारहरूको निर्माण कार्य सम्पन्न गरिनेछ। विद्यालयको शैक्षिक जनशक्तिलाई शैक्षिक व्यवस्थापनमा बढी केन्द्रीत र जिम्मेवार बनाइनेछ।
- कक्षा ८ को नगर स्तरीय परीक्षाको स्तरीयता कायम राखिनेछ। साथै यस वर्षदेखि कक्षा ५ को परीक्षालाई समेत नगर स्तरमा सञ्चालन गरिनेछ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) सँगको साझेदारीमा सञ्चालन हुने गरी प्रदेश सरकारबाट पूर्वाधार निर्माण भइरहेको अमरगढी बहुप्राविधिक शिक्षालयमा आगामी शैक्षिक सत्र देखि पठनपाठन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- प्रदेश तथा संघ सरकारसँगको साझेदारीमा नगर क्षेत्रका खेलमैदानहरूको स्तरोन्नती गरिनेछ।
- नगरभित्रका खेलमैदानको मर्मत सम्भार गरी विद्यालयका खेलकुद गतिबिधिहरूलाई थप व्यवस्थित र सुदृढीकरण गरिनेछ। नगरपालिका स्तरमा खेल प्रशिक्षक नियुक्ति गरी परिचालन गरिनेछ।

**ख) स्वास्थ्य:**

- प्रत्येक घर परिवारलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराईने छ।
- सबै बालबालिकाहरूले राज्यबाट उपलब्ध गराएका सबै खोपहरू निशुल्क र गुणस्तरीय रूपमा प्रदान गरिने छ।
- बालबालिकाहरू निमोनिया, झाडापखाला, कुपोषण जस्ता स्वास्थ्य समस्याहरू हुन नदिन समयमै व्यवस्थापन गरिने छ।
- सुनौलो हजार दिनका सबै आमा तथा बच्चाहरूको स्वास्थ्य जाँच गरी सुलभ पहुँच हुने गरी स्वास्थ्य सेवा प्रदान गरिने छ।
- सबै स्वास्थ्य संस्थाकालागि वर्षभरी पुग्ने गरी औषधी उपलब्ध गरिने छ।
- नागरिकहरूलाई स्वाथ्य वीमाको दायरामा ल्याईनेछ। स्वास्थ्य वीमाका जटिलताहरू हटाउन पहल गरिनेछ।
- स्वास्थ्य संस्थाहरुको मर्मत र स्तरोन्नती गरिनेछ। उग्रतारा स्वास्थ्य चौकी भवनलाई सम्पन्न गर्न पहल गरिनेछ।

- जलवायु परिवर्तनको असरलाई न्युनिकरण गर्न वहुक्षेत्रीय समन्वय मार्फत **जयवायुको असरका बीच स्वास्थ्य प्रबर्द्धन** का कार्यक्रमहरु सञ्चालन गरिनेछन्।
- सबै परिवारलाई शुद्ध पिउने पानीको दायरामा ल्याई **" मेरो पिउने बानी: केवल शुद्ध पानी"** अभियानलाई कडाईका साथ लागू गरिने छ। हात धुने बानीको विकास गर्न विद्यार्थी मार्फत कार्यक्रम संचालन गरिनेछ। यसका लागि **"मेरो घर र मेरो टोल म नै सफा गर्छु"** भन्ने अभियानलाई निरन्तरता दिईनेछ।
- सबै परिवारमा आगामी आ.व. भित्र चाङ्ग, जुठ्यान निर्माण गरी सक्ने परिवारलाई फिल्टर उपलब्ध गराई सक्ने ब्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा पानी शुद्धिकरणको मसिन जडान गरीसेकोले विद्यालयहरुलाई शुद्धपिउने पानी मैत्री विद्यालय घोषणा कार्यविधि निर्माण गरी विद्यार्थीहरुलाई शुद्धपिउने पानी पिउने कानुनको निर्माण गरिनेछ। फोहर पिउनेपानी निषेध गर्ने कानुन कडाईका साथ लागु गरिनेछ।
- प्रत्येक विद्यालयमा र समुदायमा पोषणयुक्त खाना प्रवर्द्धन गर्न पत्रु खाना निषेध अभियानलाई बाल क्लब मार्फत संचालन गरिने छ। सरकारी कार्यालयहरूमा प्रत्येक शुक्रबार सरसफाई अभियान सञ्चालन गरिनेछ।
- अमरगढी नगरपालिकाका सबै परिवारलाई चर्पी सुनिश्चित भएको परिवार र नगरपालिका पूर्ण खुल्ला दिशामुक्त सुनिश्चितता गरिनेछ।
- विद्यालय नर्सिंग कार्यक्रमलाई ब्यबहारमुखी बनाई विद्यार्थी जिम्मेवार पद्धति (student assignment approach) लाई सामुदायिक अभ्यासमुखी बनाई कडाईका साथ लागु गरिनेछ।
- सबै नागरिकको दाँत विग्रनबाट जोगाउन विद्यालय र समुदाय स्तरमा कार्यक्रमहरू संचालन गरिने छन्।
- बाल विवाह न्युनिकरणका लागि बालक्लबहरू मार्फत अभियानलाई निरन्तरता दिईनेछ।
- विद्यालयका चर्पीहरूको निरन्तर अनुगमन गरी सफा चर्पीका लागि आवश्यक सहयोग गरिनेछ।
- विद्यार्थीहरूले विद्यालयमा वस्दा **"म स्वस्थ छु मेरो स्कुल स्वस्थ छ"** भन्ने वातावरण लाई निरन्तरता दिईनेछ।
- विद्यालयमा निशुल्क स्यानेटरी प्याड वितरणलाई निरन्तर दिनुका साथै प्याडवाट वातावरणमा समस्या आउन नदिन पहल गरिनेछ।
- विद्यार्थीहरूलाई प्रत्येक शुक्रवार विद्यालय र समुदायमा परिचालन गरी थप स्वास्थ्य प्रबर्द्धनका कार्यहरू गरिनेछन्। सम्भावना भएका विद्यालयहरूमा करेशावारी अभियान संचालन गरिनेछ।
- वडा नं १० लाई पोषण मैत्री वडा घोषणा गरे पश्चात वाँकी वडाहरूलाई घोषणा गर्न सवै सूचकहरूमा विशेष कार्यक्रमहरू संचालन गरिनेछ।
- सबै कुपोषित बालबालिकाहरूको खोजी गरी तात्काल समाधान लागि पहल गरिने छ।
- पोषणमैत्री वडा न १० को दिगोपनका लागि बाँकी कार्य गर्न विशेष पहल गरिने छ।
- सबै वडाका टोलहरूमा "साथ विधि" लागु गरी थप सामुदायिक समस्याहरूमा पहल गरिने छ।
- ३ वर्षमा पोषणमैत्री नगरपालिका घोषणा गर्न सवै सूचकहरूको नियमित वैठक, अनुगमन र मुल्याङ्कन साथै समस्या देखिएका कार्यहरूमा समाधान गरि द्रुतकासाथ संचालन गरिनेछन्।

- जलबायु परिवर्तनका कारण पर्न गईरहेको असरबाट स्वास्थ्य क्षेत्रमा परिरहेको जोखिमलाई ध्यान दिदै करेसावारी र पशुपालन एवं कुखुरा पालनको हालको अवस्थाको अनुसन्धान गरी पोषणयुक्त खाद्यपदार्थ सुनिश्चतताको पहल गरिनेछ। पोषण युक्त रैथाने वाली प्रवर्द्धनका कार्यहरू संचालन गरिनेछन्।
- तालिम प्रदान गर्नु पर्ने स्वास्थ्यकर्मीहरुलाई आवश्कता अनुसार तालिमको व्यवस्था गरिनेछ।
- तालिम लिई सकेका स्वास्थ्यकर्मीहरु आफुले जानेको ज्ञान र शीपलाई सबै स्वास्थ्यकर्मीहरुसम्म पुर्याउनका लागि पहल गरिनेछ।
- स्वास्थ्यकर्मीलाई विपद व्यवस्थानपनका लागि आवश्यक तालिम उपलब्ध गराउन पहल गरिनेछ।
- स्वास्थ्य क्षेत्रको क्रमिक सुधारका लागि अन्य पालिकाहरुले गर्दै आएको असल अभ्यासहरुको सिको गर्न स्वास्थ्यकर्मीहरुलाई अन्तरपालिका स्तरीय र अन्तरजिल्ला स्तरीय भ्रमण गरिनेछ । समय र आवश्कताका आधारमा अन्तरदेशिय र अन्तर्राष्टिय भ्रमणका लागि पहल गरिनेछ।
- छातीको संक्रमण भएका, दिर्घ रुपमा दम लागेका र खोकी लागेका नागरिकहरुलाई अनिवार्य रुपमा खकार परिक्षण गर्ने वातावरण बनाईनेछ।
- खकार परिक्षणका लागि आधारभुत स्वास्थ्य केन्द्र स्याउलेमा पालिका स्तरीय खकार परिक्षणकेन्द्र बनाई लागु गरिनेछ।
- जेष्ठ नागरिकहरूको स्वास्थ्य समस्याहरूलाई ध्यानमा राख्दै सुगर, प्रेसर, कोलेष्ट्रोल, किड्नीको प्रारम्भिक निशुल्क जाँच गर्ने ब्यवस्था मिलाईने छ।
- गैर सरकारी संस्थासंग साझेदारी गर्दै सबै जेष्ठ नागरिकको र विद्यालयहरुमा आँखा जाँच अभियान संचालन गरिनेछ।
- स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर र आङ् खसेका महिलाहरूको समयमै जाँच गरी समस्या पहिचान गरी समाधानका लागि पहललाई निरन्तरता दिईनेछ।
- नसर्ने रोगहरू हुन नदिन **"मेरो बिहान: योग आसन"** अभियान निरन्तर गरिनेछन्।
- जलवायुका कारण पर्न जाने विपदका बेला जुनसुकै समयमा उपलब्ध हुने गरी सबै स्वास्थ्यकर्मीहरुलाई तैनाथ अवस्थामा राख्न पहल गरिनेछ। स्वास्थ्यकर्मीहरुको क्षमता विकासमा जोड दिईनेछ।
- शुद्ध पीउने पानी मैत्री सार्वजनिक संस्था घोषणा,घरमा प्रशुति नभएको सुनिश्चता घोषणा,खुल्ला शौच नभएको सुनिश्चितता घोषणा, पोषणमैत्री स्वास्थ्य संस्था घोषणा, परिवार नियोजनका साधन भएको स्वास्थ्य संस्था घोषणा र किसोर किसोरीमैत्री स्वास्थ्य संस्था घोषणाका लागि आवश्यक पहल गरिनेछ।
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविकाको सेवा र गुणस्तरलाई ध्यानमा राख्दै महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकासमा जोड दिईने छ। साथै महिला स्वास्थ्य स्वयंसेविका क्लबको क्षमता विकास गर्दै सामुदायिक सेवा गर्न प्रेरित गरिनेछ। शहरी क्षेत्रमा स्वंसेविका आवश्यकता अनुसार हेरफेर र थप गरिनेछ।

**ग) महिला तथा बालबालिका ज्येष्ठ नागरिकः**

- बिपन्न तथा पछाडि परेका महिलाहरुलाई महिला बिकाश कार्यक्रम मार्फत समुह र समितिमा आबध्द गराईने छ । सदस्यहरुलाई सिपमुलुक तालिम र नेतृत्व बिकासमा क्षमता अभिबृर्द्दि गदै सामाजिक र आर्थिक रुपमा आत्मानिर्भर बनाउनका लागी बिभिन्न क्षमता बिकास तालिमहरु र टेवा सहितको आयमुलक तालिम सञ्चालन गरि महिला उधमशिलता प्रबर्धन गर्न जोड दिईने छ ।

- लक्षित महिलाहरुको शसक्तिकरण तथा नेतृत्व बिकास जस्ता कार्य मार्फत मुलप्रबाहिकरण गरि लैंगिक समानता हासिल गर्न अमरगढी नगरपालिका को लैंगिक समानता र सामाजिक समाबेशिकरण नीतिको प्रभाबकारि कायान्र्वयनमा बिशेष जोड दिईने छ ।

- समुदाय स्तरमा रहेका विभिन्न प्रकारका सामुदायिक सस्था एवंम् समुहहरुलाई एकिकृत गरी लैंगिक हिसाँ बालबिबाह र हानिकार अभ्यासहरुको न्युनिकरणका लागि पुरुष परिचालनको अवधारणा प्रयोग गर्दै छाउपडि प्रथा तथा छुवाछुत जस्ता सामाजिक बिकृति र यस सम्बन्धमा भएका बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनि ब्यबस्था बारे सचेतिकरणका कार्यक्रमहरु संचालन गरिने छ । साथै हिसा बिरूध्द शुन्य सहनशिलताको नीति लिईनेछ ।

- आर्थिक अवस्था कमजोर भएका, हिसा प्रभाबित, अपांगता भएका ब्यक्ति र सामाजिक आर्थिक रुपमा पछाडि परेका वर्गका महिला र लैगिक तथा यौनिक अल्पसख्यक समुदायका ब्यक्तिहरुको आर्थिक सशक्तिकरण, उधमशिलता बिकास तथा सिप बिकास तालिम संचालन गरी स्थानिय स्तरमा रोजगारिमा संलग्न गराईनेछ ।

- बिपदमा परेका बालबालिकाहरुको संरक्षण ,स्वास्थ्य उपचार र शिक्षा को ब्यबस्था गर्ने तथा आर्थिक अवस्था कमजोर भएका बालबालिका लाई आत्मानिभर्र बनाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।

- वडा तथा नगरस्तरिय बालक्लवका सदस्यहरुलाई जिवन उपयोगी सिप तथा किशोरिहरुका लागि आत्मरक्षा तालिमहरु दिईनेछ ।

- बालक्लब मार्फत लागु औषधि दुर्ब्यसनि बिरुध्द बिधालय केन्द्रित अभियान संचालन गरिने छ । साथै लैंगिक हिसा, बालअधिकार हनन्, बालश्रम जस्ता कानुनि अपराधको न्युनिकरणको लागि अनुगमन कार्यलाई तिब्रता दिदैं निरोधात्मक तथा उपचारात्मक कार्यक्रम संचालन गरिनेछ ।

- ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान सिपहरु अन्तर पुस्ता हस्तान्तरण सिप क्रियाकलापहरु संचालन गर्न जोड दिईने छ ।

- सबै प्रकारका अपाङगता भएका ब्यतिहरुको पहुँच अभिबृध्दि गर्न वडा स्तरिय संजाल बनाउदै उनिहरुको क्षमता बिकास मार्फत सहभागिता बृद्धि गरिने छ । आपाङगता भएका ब्यतिहरुको पहुँचमा अभिबृध्दिका लागि अपाङग मैत्रि सुचना प्रवाह, अपाङग मैत्रि भौतिक संरचना र सहायक सामाग्रिको ब्यबस्था गर्न जोड दिइने छ ।

- अपाङगता भएका ब्यक्ति र जेष्ठ नागरीकहरुको प्रत्येक वडामा संजाल निमार्ण गरी नियमित सशक्तिकरण गर्दै विकास प्रकृयामा सहभागिता बढाउन पहल गरीनेछ ।

- महिला, किशोरि र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना कार्यान्वयन लाई प्राथमिकतामा दिईनेछ ।
- बालिका तथा किशोरीको बिकास, सशक्तिकरण र जिवन उपयोगि सिपका लागि  किशोर किशोरि बृत्त सिप रूपान्तरण कक्षा संचालन गरिने ।
- ६० वर्ष माथिका एकल जेष्ठ नागरिकहरू लाई सम्मान गरिने छ ।
- फरक क्षमता भएका ब्यतिहरूको मर्यादित जिवनका लागि अपाङ्गता पहिचान गरी परिचयपत्र बितरण तथा सरकारि कार्यालय निर्माण गर्दा अपाङग मैत्रि बनाउन पहल गरिनेछ ।
- बाल संरक्षण कोष स्थापना गर्न पहल गरिनेछ ।

**घ) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताः**

- महिला हिंसा न्युनिकरण र लैङ्गीक बिभेदको अन्त्य गरिनेछ ।
- महिलाहरुको आय आर्जन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- अल्पसंख्यक पिछडिएको बर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको अन्त्य गरिनेछ ।
- अपाङ्ग, दलित, आदिवासि/जनजाती र असहायको सामाजिक जिबनको सुरक्षाको सुनिश्चितताका लागि बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम एकिकृत रुपमा संचालन गरि प्रभाबकारी रुपमा अनुगमन गरिनेछ ।
- बालबालीकाको रुचिलाई ध्यानमा राखी वालमैत्री कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिने छ ।
- "शिप युक्त महिला आत्म निर्भर पहिला" भन्ने नारा लाई मुर्त रुप दिन महिला हरुका लागि सिप बिकास तथा उद्यम प्रर्बदन कार्यक्रम संचालन गरिनेछ ।
- नव निर्वाचित जनप्रतिनिधी र वडा सचिव तथा शाखा प्रमुखहरुका लागि नागरिकता सिफारिस र सामाजिक सुरक्षा भत्ता तथा ब्यत्तिगत घटना दर्ता सम्बन्धि अभिमूखिकरण कार्यक्रम संचलान गरिने छ ।
- वडा सचिवहरुका लागि ३ दिवसीय (VERSP- MIS) व्यत्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि तालिम कार्यक्रम संचालन गरिने ।
- ब्यत्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धित प्रत्येक वडाका टोल टोलमा सचेतना कार्यक्रम संचालनको ब्यवस्था ।
- ब्यत्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धि बिज्ञापन सुचना प्रशारण तथा छपाई मार्फत सवै अमरगढी बासीलाई सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धित जानकारी गराईने छ ।
- आ. ब. २०८१/०८२ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको पहिचान तथा नविकरणमा सहजता र पारदर्शिता तथा भत्ता बितरणको कार्यलाई थप प्रभावकारी बनाउन राष्ट्रिय परिचय नम्बरको माध्यमबाट बायोमेट्रिक भेरिफिकेसन योजना अनुरुप र सामाजिक सुरक्षा भत्ता तथा ब्यत्तिगत घटना दर्ताका सम्बन्धमा नीतिगत एवं ब्यवहारिक पक्षको बारेमा सम्पूर्ण वडा सचिवलाई जानकारी गराईने छ ।

## ३) पुर्वाधार विकासः "भौतिक पुर्वाधार विकासको आधार"

### क) आवास तथा भवनः

- नगरपालिकाको संस्थागत क्षमता विकास गर्दै नगरवासीको लागि न्युनतम शहरी पूर्वाधार निर्माणमा जोड दिइनेछ। यसका लागि विश्व बैंकको सहयोगमा शहरी शासकीय तथा क्षमता विकास कार्यक्रमलाइ निरन्तरताको लागि पहल गरिनेछ।
- घर नक्सा स्वीकृतलाई ब्यवस्थित गरि सडक सतहबाट माथी निर्माण हुने घरतलाको संख्या निश्चित गरी कार्यान्वयन गरिनेछ ।
- एकिकृत शहरी विकास योजनालाइ कार्यन्वयन गरिनेछ।
- नगरक्षेत्र भित्र रहेका बस स्टपहरुलाई व्यवस्थित गरिनेछ साथै हरेक बस स्टपहरुमा सार्वजनिक शौचालयको उपलब्धताको लागि आवश्यक पहल गरिनेछ।
- नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिने छ।
- सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गरि सार्वजनीक जमिनको लगत लिई संरक्षणमा जोड दिइने छ।
- अमरगढी नगरपालिकालाई Hill City को रुपमा विकास गरिने छ।
- अब्यवस्थीत बसोवासलाई ब्यवस्थीत गरि बढ्दो शहरीकरणलाई उचित ब्यवस्थापन गरिनेछ।
- अपाङ्ग, बृद्ध, असहाय मैत्री शहरी संरचनामा जोड दिइनेछ।
- भवन निर्माण ब्यवसायीक र आवासीय गरि दुई भागमा बर्गीकरण गरिने छ।
- सडक छेउछाउ निर्माण भएका भवनलाई उचित ब्यवस्थापन गरिनेछ।
- नगरपालिकामा दिनानुदिन बढी रहेको जग्गा अतिक्रमणलाई रोकथामका लागि विभिन्न क्षेत्रसंग समन्वय र सहकार्य गरिने छ।
- निर्माणाधिन वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गरिनेछ। बाँकी वडाहरुको भवन निर्माण क्रमशः गर्दै लगिनेछ
- नेपाल सरकार, अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने उक्त शहरी पूर्वाधार जस्तै रंगशाला, सभागृह बहु-उद्देश्यिय सिटिहल, ल्याण्डफिल साइट, सपिङ्ग कम्प्लेक्स, प्राविधिक शिक्षालय, धार्मिक तथा पर्यटकिय पूर्वाधार निर्माणमा पहल गरिनेछ।
- कलात्मक र पुरातात्विक रूपमा घर निर्माण गर्नेलाई नक्सापास दस्तुरमा छुटको व्यवस्था मिलाइनेछ।

### ख) सडक तथा पुलः

- क्रमागत रहेका योजनालाई निरन्तरता दिई सम्पन्न गरिनेछ।
- नगर क्षेत्र भित्रका सडक लगायतका पूर्वाधारहरूको नियमित रूपमा मर्मत सम्भार तथा स्तरोन्नतीको लागि जोड दिइनेछ।
- नगरपालिका भित्रका सडकहरूको स्तरोन्नतीका लागि नगर यातायात गुरूयोजना पुर्णरुपमा कार्यान्वयन गरिनेछ।

- ग्रामिण क्षेत्रको विकासलाई उत्पादनमूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक निजी साझेदारीका आधारमा पूर्वाधार विकास आयोजनाहरू सञ्चालन गर्ने नीति लिइनेछ ।
- भौतिक पूर्वाधार अपुग भएका विद्यालयहरूमा विद्यालय भवन, शौचालय, खेलकुद मैदान लगायत पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- बाढी, पहिरो, भू-क्षय नियन्त्रर्ण गर्न Bio engineering गर्ने कार्यको थालनी गरिनेछ ।
- नगरपालिकाको क्षेत्रमा संचालन हुने पूर्वाधारका योजनाहरुमा समन्वय, सहजिकरण र अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।
- नगर भित्रको वातावरण स्वच्छता र नगरवासीको जनस्वास्थ्यलाई ध्यानमा राखी विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- नगर गौरवका थप आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- कालोपत्रे सडक निर्माण कार्यलाई उपभोक्ता समितिबाट कार्यन्वयन गर्न नपाउने व्यवस्था गरिनेछ । साथै, ठुला मेसिनरी औजार प्रयोग नहुने र लाभान्वित समुहको रोजगारी अभिबृद्धि हुने विकास निर्माणका आयोजनाहरू मात्र उपभोक्ता समितिबाट कार्यन्वयन गरिनेछ ।
- अमरगढी चक्रपथ निर्माणको संभाव्यता अध्ययनका लागि पहल गरिनेछ ।
- नगरपालिकाको बजार क्षेत्रको विस्तार कार्य समन्वय गरी ग्रिन सिटीको रुपमा विकास गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**ग) वैकल्पीक उर्जा, साना जलविद्युत, सूचना तथा संचार प्रबिधि र रोजगार:**

- नगर क्षेत्रमा धुवारहित र इन्डक्सन चुलो लागत साझेदारीमा वितरण गरिने छ ।
- बैकल्पिक उर्जाको अध्ययन र विकासका साथै ग्रामिण भेकसम्म विस्तार गरिनेछ ।
- सार्वजनिक महत्वका स्थानमा सौर्यवत्ती जडान गर्ने तथा सडक सौर्य बत्ती विस्तार गरिनेछ ।
- नगरपालिका भित्रका ग्रामिणक्षेत्र सम्म गुणस्तरीय Internet सेवा विस्तारमा पहल गरिनेछ ।
- सुचना प्रविधिमा सवै नागरीकको पँहुचलाई सुलभ बनाईने छ ।
- विद्युतीय प्रणालीको प्रयोगमा जोड दिइनेछ ।
- गुनासो सुनुवाईलाई प्रविधिसंग जोड्दै ब्यवस्थीत गरिनेछ ।
- सेवालाई प्रभावकारी वनाउन गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण,जनतासंग मेयरको प्रत्यक्ष संवाद नागरिक वडा पत्र र विविध विषयलाइ प्रविधिसंग जोडिनेछ ।
- सूचना प्रविधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिनेछ ।
- नगरपालिकाको राजश्व अनलाईनको माध्यमबाट भुक्तानी गर्ने ब्यवस्था गरिनेछ ।
- सूचना नै ज्ञानको श्रोत र सूचना संचार प्रबिधि नै बिकाशको आधारशिला भएकाले यस नगरपालिकालाई सूचना संचार मैत्री नगर बनाईनेछ ।
- सूचना प्रविधिको विकासका लागी विभिन्न गैर आवासीय नेपाली, स्वदेशी तथा विदेशी विभिन्न संघ संस्था र प्रदेश सरकार संगको साझेदारी कार्यक्रम गरिनेछ ।

- रोजगारिको हकको प्रभावकारि कार्यान्वयन गरि नागरिकलाई न्यूनतम् रोजगारिको अवसरमा संलग्न गराउने ।स्थानीय विकास निर्माणका कामहरुमा काम गर्न इच्छुक बेरोजगार ब्यक्तिहरु मध्ये आर्थीक , सामाजिक रुपले विपन्न परिवारका सदस्यले प्राथमिकताक्रमका आधारमा रोजगारि पाउने गरि सवै वडामा रोजगार कार्यक्रम संचालन गरिनेछ ।
- नमुना रोजगार सेवा केन्द्र मार्फत रोजगारि सृजना गरिनेछ । । देश तथा बिदेशमा उपलब्ध रोजगारिका अवसरहरुको सूचना प्रदान गर्ने , रोजगारिको खोजिमा रहेका व्यक्तिहरुलाई रोजगार विनिमय सेवा प्रदान गर्ने , बैदेसिक रोजगारिमा जाने श्रमिकको श्रम स्वीकृति र पुनः श्रमस्वीकृतिमा सहजिकरण गरिनेछ ।
- आन्तरिक रोजगारिका अवसरमा नगरकै श्रमशक्तिको प्रयोग हुने वातावरण श्रृजना गर्ने । **श्रमको सम्मान राष्ट्रको अभियान** संग सम्बन्धि क्रियाकलाप संचालन गरीनेछ ।
- स्थानीय तहमा उपलब्ध श्रोतसाधनको अधिकतम् उपयोग मार्फत वढी भन्दा वढी रोजगारि श्रृजना गर्ने । रोजगार संवाद मन्च गठन गर्ने , स्थानिय तहको रोजगार रणनीति तर्जुमा र कार्यान्वयन गरिने छ ।
- आप्रवासि श्रमिक र उनिहरुको परिवारको अवस्थामा सुधार गर्न सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरिनेछ ।

**४) वातावरण तथा विपद व्यवस्थापनः**

- नगरपालिका क्षेत्र भित्र रहेको सार्वजनिक जग्गाको संरक्षण गर्दै बाझो पर्ति जग्गामा वृक्षारोपण गरी जैविक विविधताको संरक्षण वातावरण संरक्षण र व्यवस्थापन तथा भुक्षय नियन्त्रण गरिनेछ ।
- जलवायु परिवर्तनबाट वातावरण तथा विकासमा पार्न सक्ने प्रभावहरुको न्युनिकरणको लागि सचेतनामुलक तथा अनुकुलताका कार्यक्रमहरु Climate Change Adoption Programme संचालन गर्ने नीति लिइनेछ ।
- विपद जोखिम न्युनिकरण कार्यविधि पारित भैसकेकोले नगर स्तरीय, वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरी विपद व्यवस्थापनको क्षेत्रमा क्रियाशिल बनाइने छ ।
- विपद व्यवस्थापन अन्तर्गत जोखिम न्युनिकरण लगायत विपद व्यवस्थापनको कार्यहरु योजनाबद्ध ढंगबाट विपद व्यवस्थापन योजना Disaster Risk Management Plan बनाइ कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।
- वन उद्यान विकासमा जोड दिइनेछ ।
- वन संरक्षणमा सवैको सहभागिता जुटाइ वृक्षारोपण कार्य संचालन गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका पानीका मुहानहरु साथै परम्परागत न्वाला कुवाहरुको संरक्षण र सम्बर्द्धन गरी पानी पुनर्भरण recharge गर्ने नीति अबलम्बन गरिनेछ ।
- सार्वजनिक बाटो, चौतारी, खुला क्षेत्रको सिमाङ्कन गरी बनको संरक्षण गरिनेछ ।
- सामुदायीक वन उपभोक्ताहरुको क्षमता विकासमा जोड दिई अझ बढी जिम्मेवार बनाईनेछ ।
- **"हराभरा वन, जनताको धन"** अवधारणा विकास गरिनेछ ।
- खाली वन क्षेत्रमा फलफुल नर्सरी, जडीबुटी नर्सरीको उत्पादन र विकास गर्न तर्फ विशेष कार्यक्रम संञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तन र विपदबाट हुने प्रभाव न्युनिकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- विपद व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिनेछ ।
- जोखीमयुक्त स्थान र घरधूरी स्तरको सर्वेक्षण गरी विपद पोर्टलमा म्यापिङ्ग गर्न आवश्यक पहल गरिनेछ ।

- विकास निर्माणका कार्यहरूलाई वातावरण र विपद व्यवस्थापन सम्बोधन हुनेगरी अगाडी बढाइनेछ ।
- विभिन्न विद्यालयहरूमा ट्राफिक सचेतिकरण लगायतका विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका कार्यक्रमहरू संचालन गरिनेछ ।
- विपद पुर्व तयारीका लागि सुचना मुलक सन्देश तयार गरी सूचना तथा संचारका माध्यमहरूबाट सम्प्रेषण गरिनेछ ।
- विपद् प्रभावित नागरिकलाई एक रूपताकासाथ राहत व्यवस्थापनकालागि राहत मापदण्ड बनाई सोही बमोजिम राहत वितरण गरिनेछ ।
- प्रत्येक वडामा हरित उद्यान निर्माण कार्यक्रमलाई प्राथमिकतामा राखी निर्माण गर्ने नीति लिईनेछ ।
- बढ्दो जलवायु परिवर्तन बारे नगर वासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्यूनीकरणमा जोड दिइनेछ ।
- प्रत्येक वडामा उद्धार, राहत पुनःस्थापना समिति निर्माण गरिनेछ ।
- विपद् प्रति कार्ययोजना प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याईनेछ ।
- वारुण यन्त्र संचालनमा दक्ष जनशक्तिको विकास गरि सो सेवालाइ थप प्रभावकारी र छिटो छरितो स्तरीय बनाईनेछ ।
- बिपद पुर्व अभ्यास बिपद ब्यवस्थापन सामाग्रीको ब्यवस्था गरिनेछ । साथै नगरपालिकामा स्थापना भएको आपतकालिन संचालन केन्द्र लाई प्रभावकारी रुपमा संचालनमा ल्याईनेछ ।
- फोहोरमैलाको व्यवस्थापनकालागि Land field side निर्माण गरी व्यवस्थित गरिनेछ ।
- फोहरलाई वर्गीकरण गरी उपयोगमा ल्याईनेछ ।
- छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न सुविधा सम्पन्न गौशाला निर्माण गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय तथा साझेदारी गरिनेछ ।

**५) सुशासन तथा संस्थागत विकासः**

सार्वजनिक सेवालाइ उत्तरदायी,पारर्दर्शी,जवाफदेही,दिगो एवम् परिणाममुखी बनाउन सूचना प्रवाहलाइ बढावा दिइ कार्य सम्पादन गर्ने नीति लिइनेछ ।

- नगरको विकास निर्माण,बजार अनुगमन,अतिक्रमण नियन्त्रण, राजश्व संकलन,विपद् उद्दार तथा राहत वितरण,सरसफाइ तथा न्यायीक निर्णय कार्यान्वयन लाइ अझ प्रभावकारी ढंगले संचालन गर्न तोकिएको संख्यामा नगर प्रहरी भर्ना गरी परिचालन गरिनेछ ।
- कार्यसम्पादन कुशलतामा आधारित पुरस्कार र दण्डको नीतिलाइ प्रभावकारीरुपमा कार्यान्वयन गर्दै कार्य सम्पादनस्तर,कार्यदक्षता र योग्यतालाइ आधार लिइ सरुवा,बढुवा र पुरस्कृत तथा दण्ड गर्ने नीति लिइनेछ । नगरपालिकाद्धारा तर्जुमा गरिएका कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्दि गर्न विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । प्रशासनिक कार्यको अनुभव आदान-प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको अवलोकन भ्रमणको समेत व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहमा थप सहजता कायम गर्नका लागि नगरकार्यपालिकाको कार्यालय र प्रत्यक वडा कार्यालयमा क्रमस सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

- कर्मचारीको क्षमता विकास, अनुशासन एवं वृति विकासमा जोडदिइ कर्मचारी प्रशासनलाइ जवाफदेही,प्रतिस्पर्धी र उत्प्रेरित बनाउदै कर्मचारीको व्यवस्थापन गरिनेछ।
- कानूनको समय सिमा भित्र सभा र कार्यपालिकाको बैठक राखि निर्णय कार्यान्वयन गरिनेछ।
- योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन मुल्यांकन गर्ने प्रभावकारी व्यवस्था मिलाईने छ। रु एक लाख भन्दा माथिका योजनाहरु नगर स्तरीय अनुगमन समितबाट अनुगमन गराउने व्यवस्था गरिनेछ। र सो भन्दा मुनिका योजना तथा कार्यक्रमहरु वडा स्तरिय अनुगमन समितिबाट अनुगमन तथा सुपेरिवेक्षण गर्ने व्यवस्था गरिनेछ।
- आयोजनाहरूको फरफारक गर्ने व्यवस्था गरि प्रतिवेदन कार्यपालिकामा पेश गरिनेछ।
- कार्यालयको आर्थिक कारोवारको समयमै लेखापरीक्षण गराई बेरूजु फछयौटको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।
- सार्वजनिक खरिदको बार्षिक तथा बहु वर्षिय खरिद योजना स्विकृत गराई कार्यान्वय गरिनेछ।
- चल अचल सम्पतिको संरक्षण गर्ने लगत राख्ने र लिलाम मिनाहा गर्ने कार्य तदारूकताका साथ गरिनेछ।
- शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसंग र प्रमुख प्रशासकीय अधिकृतले प्रमुखसंग कार्यसंपादन सम्झौता गरि सोको मुल्यांकन गर्ने व्यवस्था लाइ निरन्तरता दिइनेछ।
- कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरि कार्यबोझ, कार्यप्रकृति, उपलब्ध मानवश्रोत तथा वित्तीय क्षमताका आधारमा प्रचलित कानून बमोजिम वितरण तथा पदपूर्ति गर्ने व्यवस्था मिलाईनेछ।
- नीति, वजेट तथा कार्यक्रम कार्यान्वयन गर्न र अधिकार क्षेत्रका विषयमा आवश्यक पर्ने कानून निर्माण गरिनेछ।
- सूचनाको हक ऐन, २०६४, सुशासन ऐन,२०६४ तथा नियमावली कार्यान्यनको सुनिश्चितता गरिनेछ।
- नगरपालिकाको आवधिक योजना अध्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ।
- दिगो विकासका लक्ष्यहरु हासिल गर्न आवश्यक नीति अबलम्बन गरिनेछ।
- आर्थिक प्रशासन प्रविधिमा जोड्नुका साथै वित्तिय सदाचारीतामा जोड दिईनेछ।
- नगर पाश्वचित्रलाई अध्यावधिक गरिनेछ।
- नगर गुरू  योजना निर्माण गरी आवधिक योजना र वार्षिक योजनासंग आवद्धता गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी  रुपमा कार्यान्वयन गरिनेछ।
- वित्तिय जोखीम न्युन गर्न आन्तरिक लेखापरिक्षण शाखालाई ब्यवस्थित गरी आन्तरिक लेखा परिक्षणलाई थप मजबुद गरिदै लगिनेछ।

अन्तमा, यस गरिमामय सभामा पेश गरेको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्पूर्ण नगर वासीहरुको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दै सवैमा धन्यवाद व्यक्त गर्दछु।

**डिल्लीराज जोशी**

**प्रमुख**

**मितिः २०८१/०३/१० गते सोमबार**